# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

**विज्ञापन कर संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

दोश्रो पटक प्रकाशित मिति २०७७/१२/२२

यस नगरपालिकाको आर्थिक ऐन, २०७७ बमोजिम स्वीकृत दररेटको अधीनमा रही यस नगरक्षेत्र भित्र विज्ञापन कर संकलन कार्यको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित शर्तहरुको अधीनमा रही उक्त कर संकलन गर्न योग्य तथा इच्छुक फर्म/संस्थाहरुबाट नविकरण गराइएको इजाजतपत्र, मूअकर दर्ता/स्थायी लेखा नम्बर, आ. व. ०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्र र आफू त्यस्तो दरभाउपत्र दाखिला गर्न अयोग्य नभएको भनी गरिएको स्वघोषणा पत्र समेत संलग्न गरी सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

तपसिल

शर्तहरुः

१.दस्तुर बापतको रकम रु. १०००।- (एक हजार मात्र पछि फिर्ता नहुने) यस कार्यालयको रा. वा. वैंक शाखा कार्यालय ओखलढुङ्गास्थित आन्तरिक राजश्व खाता नं. २०७०१००३०१०१०००३ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कल रसिद पेश गरी यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र फाराम लिन सकिनेछ ।

२.दोश्रो पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्रौं) दिनको कार्यालय समयभित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गरी १६ (सोह्रौं) दिनको १२: ०० बजेभित्र यस कार्यालयमा सिलबन्दी रुपमा दर्ता गराउनु पर्नेछ र सो समयभित्र रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको अपरान्ह २: ०० बजेदेखी दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहबरमा (प्रतिनिधि उपस्थित नभएको अवस्थामा पनि) यस कार्यालयमा खोलिनेछ ।

३.दरभाउपत्रदाताले आफुले कबोल गरेको दरभाउ रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरी लेखुपर्नेछ ।अंक स्पष्ट नभएको अवस्थामा अक्षरमा अंकित दरलाई मान्यता दिइनेछ ।

४. दरभाउपत्रदाताले आफुले कबोल गरेको कबोल अंकको ३ (तीन) प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा. वा. वैंक ओखलढुङ्गास्थित धरौटी खाता नम्बर २०७०१००३०३००००००३ मा जम्मा गरेको सक्कल भौचर समेत दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

५.दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्नुअघि स्वीकृत दरभाउपत्र बमोजिमको रकम नगदै दाखिला गरी वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको २०७८ साल साउनसम्म मान्य अवधि रहने बैंक जमानत पेश गर्नु पर्नेछ ।

६.दरभाउपत्र फाराम खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा उल्लिखित कार्यहरु हुनेछन् ।

७.दर्ता हुन आएका दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार यसै कार्यालयमा सुरक्षित रहनेछ ।

८.विज्ञापन कर असुली सम्बन्धि गरिएको सम्झौता बमोजिम यस कार्यालयलाई बुझाउनुपर्ने रकमको अतिरिक्त अन्य थप कुनै कर दस्तुर बुझाउनु पर्नेमा सोको दायित्व स्वीकृत दरभाउपत्रवालाकै हुनेछ ।

९.सुचनामा उल्लेख नभएका शर्तहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

१०.नगरपालिकाको आर्थिक ऐन बमोजिम लिन सकिने विज्ञापन करको दर सम्बन्धी जानकारी यस कार्यालयको वेवसाइट www.siddhicharanmun.gov.np बाट लिन सकिनेछ ।

११.यस सम्बन्धी थप जानकारी लिनु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी वा सम्पर्क नम्बर ९८४२९३१२२५ मा सम्पर्क गर्न सकिनेछ ।

**कामको बिवरण**

| ठेक्का नं | बिवरण | न्यूनतम अंक (मूअकर वाहेक) |
|---|---|---|
| २२/०७७/०७८ | सिद्धिचरण नगरपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन गर्ने | ५५५५०।- |

रामेश्वर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत